nepali
NEPALI #4
HIGHLIGHTS LIFE CHRIST



# प्रभु येशू ख्रीष्टको जीवनका विशेषताहरू

## ४ - #4

### क्षमा सम्बन्धि येशू ख्रीष्टको शिक्षा

- पुत्रलाई पिताको क्षमा
- हामीहरूले क्षमा गर्नँपर्छ
- येशू पापीहरूलाई क्षमा गर्नुहुन्छ

## हामीहरूले क्षमा गर्नै पर्छ

प्रभु येशू ख्रीष्टले हामीहरूलाई सिकाउनु भयो कि यदि हामीहरूलाई परमेश्वरको क्षमा चाहिन्छ भने हामीहरूले पनि हाम्रा बिरोधीहरूलाई क्षमा गर्नै पर्छ। बदला लिनु पाप हो र अरू पापहरूको जरा हो। यसले तितोपना, आलोचना, घृणा, लडाई साथै हत्या समेत उत्पन्न गराउँछ। जबसम्म हामीहरू आफ्नो पापमा रहिरहन्छौ तबसम्म छुटकारा पाउन सक्तैनौं। हामीहरूले पाप छोड्नैपर्छ, र परमेश्वरले त्यसलाई हामीहरूबाट टाढा हटाई दिन सक्नुहुन्छ। प्रभु येशूले भन्नुभयो :

> "यदि तिमीहरूले मानिसहरूको कसूर क्षमा गरेनौ भनेता स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूका कसूर क्षमा गर्नु हुनेछैन।"

### यस्तो गर्नुहोस्

८. के कसैले तपाईंको बिरोधमा केही गरेको छ? उसलाई क्षमा गर्न र यसबारे बिर्सन सकूं भनेर परमेश्वरसंग प्रार्थना गर्दै सहायता माग्नुहोस्।

## प्रभु येशू ख्रीष्टले पापीहरूलाई क्षमा गर्नुहुन्छ

येशू ख्रीष्ट संसारमा आउनु भएको दुईवटा कारणहरू छन्:

१. हामीहरूलाई परमेश्वर र उहाँको प्रेमबारे सिकाउन।
२. हाम्रो अपराधको निम्ति हाम्रो सट्टामा क्रूसमा मर्नलाई, ताकि हामीहरूले हाम्रो पापको क्षमा पाउँन सकौं।



प्रभु येशू ख्रीष्ट सबै पापीहरूको निम्ति मर्न तैयार हुनुभयो यसकारण जो जो उहाँकहाँ क्षमा माग्नलाई आउँथें तिनीहरूलाई क्षमा गर्ने येशूको अधिकार थियो। येशू ख्रीष्टले धेरै पापीहरूलाई क्षमा गर्नुभयो र तिनीहरूको सम्पूर्ण जीवन परिवर्तन गरिदिनुभयो। यिनीहरूमध्य एउटी पापी स्त्री पनि थिई, जसले प्रभु येशूले प्रचार गरेको सुनी र उहाँलाई आफ्नो श्रद्धा चढाई। त्यस स्त्री शिमोनको घरमा गई, जस्ले प्रभु येशू र उहाँका चेलाहरूलाई रात्री भोजको निम्ति बोलाएका थिए। त्यस स्त्रीले प्रभु येशूको पाउमा परेर आफ्नो पापहरूको पश्चाताप गरी। प्रभु येशूले त्यस पापिनी स्त्रीलाई आफ्नो पाउ छुन दिनु भएको देखेर शिमोनले अति आश्चर्य माने। येशू ख्रीष्टले उसलाई भन्नुभयो :

हामीहरूले पनि आफ्नो स्वर्गीय पिताको आज्ञा भङ्ग गरेर पाप गरेका छौं। हामीहरू उहाँको स्वर्गीय घरको योग्य छैनौं। तर परमेश्वर हामीहरू आफ्नो पापदेखि फर्केर क्षमाको निम्ति उहाँकहाँ आउने निमन्त्रणा दिनुहुन्छ।

"पापको ज्याला मृत्यु हो, तर परमेश्वरको अनुग्रहको वरदान हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो।"

रोमी ६:२३

## उत्तर लेख्नुहोस्

२. कान्छो छोराले किन घर छोडेर गयो ?

..........(क) असल काम पाउनलाई।

..........(ख) मानवको सेवा गर्न।

..........(ग) आफ्नै इच्छा गर्न।

३. ऊ किन घर फर्क्यो ?

..........(क) अझ धेरै धन माग्न।

..........(ख) पिताबाट क्षमा र काम पाउन।

..........(ग) शहरको बारेमा बताउन।

४. कसलाई परमेश्वरको क्षमा चाहिन्छ ?

..........(क) सबैलाई, सबैले पाप गरेका छन्।

..........(ख) खाली खराब मानिसहरूलाई मात्र।

..........(ग) जो शहरमा बस्छन।

५. रोमी ६ अध्यायको २३ पद कण्ठ गर्नुहोस्।

६. के तपाईंले पाप गर्नु भएको छ ? के तपाईंलाई परमेश्वरको क्षमा चाहिन्छ ?

७. यी शब्दहरू कण्ठ गर्नुहोस् : "हे पिता........... मैले तपाईंको बिरूद्धमा पाप गरेको छु। अब म तपाईंको छोरा भनिन लायकको छैन।" कान्छो छोराले भनेको शब्दहरूलाई तपाईं आफ्नो प्रार्थना बनाउनुहोस्। तपाईंले जस्तै बिराएको भएपनि परमेश्वरले तपाईं-लाई क्षमा गर्नुहुन्छ, किनकि उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ र स्वर्गीय घरमा स्वागत गर्नुहुन्छ।

यस कथाबाट शिक्षा

मालिक जिउँदो छदैंखेरी सम्पतिको हकवाला गराउनलाई दुईवटा उपाय मात्रै थियो – इच्छापत्र लेखेर वा सन्तानलाई सम्पत्ति दान दिएर। कान्छो छोरो चाँहि परदेश गएर आफ्नै खुशीले जीवन बिताई मोजमज्जा गर्ने सुरमा थियो। ऊ आफ्नो मित्रहरू आफै चुन्न चाहन्थ्यो। बाबु र दाज्यूले अह्राएको कुरो ऊ गर्न चाहदैनथ्यो। यसकारण पिताले उसको भागमा पर्ने सम्पति दिए त्यसपछि उसले घर छोड्यो।



जबसम्म उसंग धन थियो, "साथीहरू" पनि उसको साथमा थिए। उसको धन खतम हुने बित्तिकै साथीहरूले पनि उसलाई छाडे। आखिरमा ऊ भोकले मर्नलाग्यो। ऊ कति मूर्ख रहेछ भनेर सुंगुर चराइरहेको बेलामा यो उसलाई थाहा भयो। आफूले गरेको पापको क्षमा पाउँन सकूं भनेर ऊ पश्चातापी हृदय लिएर घर फर्क्यो। आफ्नो बाबुले एउटा काम पनि देलान भन्ने उसलाई आशा पनि थियो।

बाबुले उसलाई खुशीसाथ स्वीकार गरेर घरमा स्वागत गरेको देखेर ऊ छक्क पर्‍यो। त्यो छोरा यस कुराको योग्य थिएन तर उसमा पाप छँदाछदैं पनि उसको बाबुले उसलाई प्रेम गरे।

यस उखानमा पिता भन्नाले हाम्रो स्वर्गीय पिता परमेश्वरलाई बुझाउँछ। छोराहरू दुइप्रकारका हरायका मानिसहरू जस्तै हुन। कान्छो छोरा त्यो एउटा पापी मानिस जस्तै हो जो आफ्नो भूलहरूको कारण दुःखित भएर परमेश्वरसंग क्षमा माग्न आयो।

जेठो छोरो आफू असल छु भनि ठान्थ्यो र घमण्ड गर्थ्यो, यसैले ऊ आफ्नो भाइलाई तुच्छ दृष्टिले हेर्दथ्यो। पिताले अह्राएको काम ऊ गर्दथ्यो तर उसले पितालाई गरेको अनादरको बोलीले प्रेम प्रकट गर्दैनथ्यो। उसको भाइ घरदेखि जति टाढा थियो उतिनै टाढा ऊ आफैंको हृदय पनि थियो। असल कामहरू गरेर घमण्डले फुल्ने व्यक्तिहरूको ऊ एक उदाहरण हो जो आफ्नो गुणमा घमण्ड गर्छन र तिनीहरू पनि पापी हुन र उनीहरूलाई पनि परमेश्वरको क्षमाको खाँचो छ भनि स्वीकार गर्दैनन्। विदेशमा गएको भाइको पापहरू भन्दा पनि घमण्डी आलोचना र क्षमा नगर्नु अझ नराम्रो पाप थियो।

दृष्टिमा पाप गरेको छु, म फेरि तपाईको छोरो भनिन योग्यको छैन ।' तब बाबु चाँहिले आपना दासहरूलाई भन्यो, 'चाँडो सबैभन्दा असल लुगा ल्याएर यसलाई लगाइदेओ । औ त्यसको हातमा औंठी र खुट्टामा जुत्ता लगाइदेओ । औ पालिराखेको मोटो चाहिं बाछा ल्याएर मार र हामी खाएर आनन्द मनाऔं, किनकि यो मेरो छोरो मरेको थियो, र फेरि बिउँत्यो, हराएको थियो र पाइयो ।' अनि तिनीहरू आनन्द मनाउन लागे । अब तिनको जेठो छोरो खेतमा थियो, र जब त्यो आइरहेको थियो तब घरको नजीक आईपुग्दा त्यसले गान-बजान र नाचेको आवाज सुन्यो । औ नोकरहरू-मध्ये एउटालाई आफूकहाँ बोलाएर 'यो के हो ?' भनेर सोध्यो । औ त्यसले उसलाई भन्यो, तपाईको भाइ आइपुगे, र तपाईका पिताले पालिराखेको मोटो बाछा मार्नुभयो । किनकि उहाँले तिनलाई निकानन्दै पाउनुभयो ।' तर ऊ रिसायो र भित्र जानै मन गरेन, र उसको बाबुले



बाहिर गएर उसलाई मनाउन लागे । तर उसले बाबुलाई यसो भनेर जवाफ दियो, 'हेर्नुहोस्, यत्तिका वर्ष मैले तपाईको सेवा गरिरहेकोछु र तपाईको आज्ञा कहिल्यै उलङ्घन गरिन, तापनि मैले आफ्ना मित्रहरूसित आनन्द मनाऊ भनेर तपाईले मलाई बाखाको पाठो पनि कहिल्यै दिनु भएन; तर तपाईको सम्पत्ति बेश्याहरूमा उडाउँने यो तपाईको छोरो आउँदा चाँहि तपाइले पालिराखेको मोटो बाछा त्यसको निम्ति मार्नु भयो ।' तब तिनले त्यसलाई भने, 'ए छोरा, तँता मसित सधैंभरि छस् नि, औ मेरो सबै तेरै हो । तर अहिल्य आनन्द मनाउनु र खुशी हुनुपर्ने हो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि बिउँत्यो, औ हराएको थियो पाइयो ।

लूका १५:११-३२

## उत्तर लेख्नुहोस्

१. खाली ठाउँमा भर्नुहोस् :

मानिसहरूले ............... सत्यता बुझ्न सकुन भनेर येशूले ................... द्वारा भन्नुभयो ।

"कोही महाजनका दुई ऋणीहरू थिए, एउटाले पाँचसय दिनार र अर्कोले पचास दिनार ऋण लिएका थिए । तर तिनीहरूसित तिर्ने केही नहुँदा तिनले दुबैलाई माफी दिए । यसकारण भनत यी दुई मध्य कुन चाँहिले तिनलाई ज्यादा प्रेम गर्नेछ ? अनि शिमोनले भने म ठान्छु, जसलाई तिनले धेरै क्षमा दिए।' अनि उहाँले तिनलाई भन्नुभयो, 'तिमीले ठिकै बिचार गरेका छौ ।' औ त्यस स्त्री तिर फर्केर उहाँले शिमोनलाई भन्नुभयो, 'तिमी यस स्त्रीलाई देख्तछौ ? म तिम्रो घरमा आएँ, औ तिमीले मलाई खुट्टा धुने पानी दिएनौ, तर यस स्त्रीले मेरो खुट्टा आँसुले भिजाई, र आफ्ना कपालले पुछी । तिमीले मलाई म्वाइ गरेनौ, तर यसले ता, यहाँ म आए-देखिनै, मेरो खुट्टालाई उत्सुक्तासित म्वाई गर्न छोडेकी छैन । तिमीले मेरो शिरमा तेल घसी दिएनौ, तर यसले ता मेरो खुट्टामा मलहम घसेकी छ। यसकारण म तिमी-लाई भन्दछु, त्यसका पाप जो धेरै छन् सो क्षमा भएका छन्, किनकी त्यसले ज्यादा प्रेम गरी, तर जसलाई थोरै क्षमा गरिन्छ, त्यसले थोरैनै प्रेम गर्दछ । अनि उहाँले त्यसलाई भन्नुभयो, तिम्रा पाप क्षमा भएकाछन।'औ खान बस्नेहरुले आपसमा भन्नलागे, 'पाप क्षमा गर्ने यिनी को हुन् ?' तर उहाँले त्यस स्त्रीलाई भन्नुभयो 'तिम्रो बिश्वासले तिम्रो उद्धार भएको छ, शान्तिसित जाऊ' ।"

लूका ७:४१–५०



प्रभु येशूले त्यस स्त्रीलाई क्षमागर्दा तिनी कति खुशी भइन् ! फरिसी उसका मित्र-हरूले पनि यो प्रसन्नता र क्षमा पाउन सक्ने थिए तर तिनीहरू आफैंलाई पापी हौं भनि स्वीकार गर्न चाहँदैनथे । तिनीहरु आफ्नो श्रेष्ठता र असल कामहरुमा घमण्ड गर्दथे ।

फरिसीहरुले सोधे, "यो को हो जसले पापहरु पनि क्षमा गर्दछ ?" कसले पापहरुको क्षमा गर्न सक्छ ? परमेश्वरको पुत्र – प्रभु येशु ख्रीष्ट । उहाँकाहाँ आउले सबैलाई उहाँले क्षमा गर्नुहुन्छ । हामीहरु उहाँको चरणमा प्रार्थनासहित गएर हामी पापीछौं भनि स्वीकार गर्छौं र आफ्ना पापहरुको कारण दुखित छौं, र छुटकारा पाउँन चाहन्छौं । त्यसपछि हामीहरु आ-आफ्ना हृदयमा उहाँको आवाज सुन्छौं, "तिम्रो पापहरु क्षमा भएकाछन् । तिम्रो बिश्वासले तिमीलाई बचाएको छ; शान्तिसित जाउ ।" प्रभु येशूको क्षमादानले हामीहरुलाई आनन्द, शान्ति र नयाँ जीवन प्रदान गर्दछ ।

अथवा हामीहरु पनि फरिसीले झैं पापी छैनौं भनी बहना बनाउन सक्छौं । जबसम्म हामीहरू यस्तो बहाना बनाउँदछौं तबसम्म हामीहरु पापको क्षमा पाउन सक्तैनौं । हामीहरुले आफ्ना पापहरूलाई प्रभु येशूको अगाडि स्वीकार गरेर क्षमा माग्नुपर्छ । तपाईका सबै पापको क्षमा भईसकेपछि मात्र तपाईले अनन्त जीवन पाउन सक्नुहुन्छ ।

## तपाईले गर्नुपर्ने

९. प्रभु येशूले भन्नु भएको वचनलाई कण्ठ गर्नुहोस् : "तिम्रा पापहरू क्षमा भएकाछन् । तिम्रो विश्वासले तिमीलाई बचाएको छ, शान्तिसित जाऊ ।"

१०. के प्रभु येशूले तपाईका पापहरूको क्षमा गर्नुभयो ? ......................यसको निम्ति उहाँलाई धन्यवाद चढाउँनुहोस् ।

प्रभु येशू प्रति प्रेम प्रकट गर्न मैले के गरिरहेको छु भनेर सम्झनुहोस् ।

## बधाई

तपाईंले आधाभन्दा बढी पाठ सिध्याउनु भएको छ ! पाठ ४, ५ र ६ को "उत्तर पृष्ठहरू"लाई पूरा गरेर इन्टरनेशनल करेस्पोण्डेन्स इन्स्टीट्यूटमा जाँचको निम्ति पठाउनुहोस् ।

ठेगाना:

**इण्टरनेशनल करेस्पण्डेन्स इन्स्टिट्यूट**
**पो. अ. ब. ४१६**
**काठमाडौं**

**International Correspondence Institute**
**P. O. Box 416**
**Kathmandu**

मुद्रकः- वण्डर प्रिन्टिङ्ग प्रेस, नरदेवी, काठमाडौं
फोन नं. १४२२३ र १४२२४